# बागमती प्रदेश सभा

## दोस्रो कार्यकाल

## सातौं अधिवेश

## बैठक संख्या-१

## सुचनापत्र-२

## (बैठकको कारवाही संक्षिप्त विवरण)

**२०८२ चैत्र २४ गते, मगंलबार**

बागमती प्रदेश सभाको सत्रौं अधिवेशनको पहिलो बैठक माननीय उपसभामुख श्री अपसरा चापागाईको अध्यक्षतामा दिनको ४:५७ बजे प्रारम्भ भयो।

सर्वप्रथम माननीय सभामुखले माननीय प्रदेश प्रमुखबाट प्रदेश सभाको अधिवेशन आब्हान सम्बन्धी निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनुभयो।

*बागमती प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सभाको सत्रौं अधिवेशन संवत् २०८२ साल चैत्र २४ गते मंगलबार दिउँसो ४:०० बजे आह्वान गरेको छु।*

*दीपक प्रसाद देवकोटा*
*प्रदेश प्रमुख*

*२३ चैत्र, २०८२*

तदुपरान्त लोकतन्त्र, अग्रगामी परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरुमा जिवन उत्सर्ग गर्ने सबै ज्ञात/अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट मौन धारण भयो।

तत्पश्चात माननीय सभामुखले प्रदेश सभाको अधिवेशनको अवसरमा सभाका सम्पुर्ण माननीय सदस्यहरुलाई हार्दिक स्वागत गर्नुहुदै आजबाट सुरुभएको यो अधिवेशन कानून निर्माण कार्यमा सफल हुनेछ भन्ने विश्वास व्यक्त गर्नुभई नागरिकका साझा अपेक्षाहरु पुरा गर्ने कार्यमा यो अधिवेशन फलदायी हुने, प्रदेश सभाका गतिविधिहरुलाई नागरिकले नजिकबाट नियालिरहेको यो अवसरमा माननीयज्यूहरुले आफ्नो प्रस्तुति र क्रियाकलापहरु प्रभावकारी रुपले प्रस्तुत गर्नुहुनेछ भन्ने अपेक्षा गरेको भन्दै यो अधिवेशनमा सबै माननीयहरुलाई स्वागत गर्दै अधिवेशन सफलताको शुभकामना व्यक्त गर्नुभयो।

त्यसपछि माननीय सभामुखले बागमती प्रदेश सभाका माननीय सभामुख भुवन कुमार पाठकले बागमती प्रदेश सभा सभामुख पदबाट मिति २०८२/०६/०१ गते देखि लागु हुने गरी दिनुभएको राजिनामाको देहायको व्यहोरा पढेर सुनाउँनुभयो।

*मिति २०८२/०६/१*

*माननीय उपसभामुख ज्यू,*
*बागमती प्रदेश सभा*
*हेटौंडा, नेपाल*

*विषयः राजिनामा बारे।*

*गत भाद्र २३ गते जेन-जी को भ्रष्टाचारको विरुद्ध र सुशासनको पक्षमा भएको प्रदर्शनको क्रममा अस्वाभाविक बल प्रयोगबाट राष्ट्रावादी नेपालीहरुले अनाहकमा सहादत प्राप्त गरे पछि म अत्यन्त भावबियोल भएँ। राष्ट्र रोएको बेला नेपाली जनताको चाहना र युवा पुस्ताको भावना विपरित पदमा बसिरहनु सर्वथा अनुचित हुन्छ भन्ने अन्तर आत्मामा लाग्यो र भाद्र २४ गते*

*नै सामाजिक संजालबाट राजिनामा गर्ने घोषणा गरेँ। तर प्राविधिक कारणले कानुनी प्रकृया पुरा गर्न अनुकूल भएन। आज नेपालको संविधान र प्रदेश सभा नियमावली २०७४ बमोजिम बागमती प्रदेश सभाको सभामुख पदबाट राजिनामा गरेको छु।*

*माननीय भुवन कुमार पाठक*

*सभामुख*

*बागमती प्रदेश सभा*

तत्पश्चात माननीय सभामुखले प्रदेश सभा सदस्य पदबाट मिति २०८२ माघ ५ गतेदेखि लागु हुने गरी देहायका माननीय सदस्यहरुले लिखित रुपमा राजिनामा दिनु भएको नामहरु वाचन गर्नुभयो।

| क्र.सं. | प्रदेश सभा सदस्यको नाम | राजनीतिक दल | निर्वाचन क्षेत्र नं. |
|---|---|---|---|
| १. | श्री अमन कुमार मास्के | नेकपा(एमाले) | काठमाडौं ६(२) |
| २. | श्री कुन्दन राज काफ्ले | नेपाली कांग्रेस | दोलखा १(१) |
| ३. | श्री प्रकाश श्रेष्ठ | नेकपा(एमाले) | काठमाडौं ७(२) |
| ४. | श्री युवराज दुलाल | नेपाली कम्युनिष्ट पार्टी | सिन्धुपाल्चोक २(१) |
| ५. | श्री वसन्त प्रसाद मानन्धर | नेपाली कम्युनिष्ट पार्टी | काठमाडौं ७(१) |
| ६. | श्री सुनिल के.सी | राष्ट्रिय प्रजातन्त्र पार्टी | काठमाडौं २(१) |

त्यसपछि माननीय सभामुखले प्रदेश सभा नियमावली, २०७४ को नियम ११ बमोजिम सभामुख र उपसभामुखको अनुपस्थितमा बैठकको अध्यक्षता गर्न निम्नलिखित माननीय सदस्यहरूको मनोनयनलाई सभाबाट सहमती प्राप्त भयोः-

१. माननीय सुना परियार

२. माननीय शुष्पा भुजेल न्यौपाने

३. माननीय हरि प्रसाद सापकोटा

४. माननीय लक्ष्मी घिमिरे

तत्पश्चात माननीय मुख्यमन्त्री श्री इन्द्र बहादुर बानियाँले समय माग गरी आफ्नो भनाई राख्नुभयो। उहाँले अधिवेशन प्रारम्भको अवसरमा शुभकामना व्यक्त गर्दै आफु मुख्यमन्त्री पदमा नियुक्त भएको एक महिना भित्रै जेन-जी आन्दोलनले धेरै क्षति व्यहोर्नु परेको, चाडवाडको समय परेको, कर्मचारी व्यवस्थापनमा समस्या परेको, प्रतिनिधि सभाको निर्वाचनमा समय व्यतित भएको, प्रदेश सभाको बैठक सञ्चालन गर्न स्थान अभाव भएको, यो स्थानमा मर्मत लगायतको कार्य गर्नु परेकाले प्रदेश सभाको अधिवेशन ढिला भएकोले क्षमा माग्दछु भन्नुभयो। साथै उहाँले प्रदेश सरकारको तर्फबाट नवनिर्वाचित प्रधानमन्त्रीलाई बधाई दिँदै प्रदेशलाई अधिकार दिन र कर्मचारी व्यवस्थापन लगायतको काममा संघीय सरकारबाट सहयोग हुनेछ भन्ने अपेक्षा गरेको लगायतका भनाईहरु राख्नुभयो।

**बागमती प्रदेश सभा**

**दोस्रो कार्यकाल**

**सातौं अधिवेश**

**बैठक संख्या-१**

**सुचनापत्र-२**

**(बैठकको कारवाही संक्षिप्त विवरण)**

**२०८२ चैत्र २४ गते, मगंलबार**

---

तदुपरान्त सभामा प्रतिनिधित्व गर्ने देहाय बमोजिमका राजनीतिक दलका नेता तथा प्रतिनिधिहरूले अधिवेशन सफलताको शुभकामना मन्तव्य राख्नुभयोः-

१. माननीय शालिकराम जम्कट्टेल

२. माननीय बहादुर सिं लामा(तामाङ्ग)

३. माननीय जगन्नाथ थपलिया

४. माननीय उध्दव थापा

५. माननीय सुरेन्द्र राज गोसाई

तदनन्तर प्रदेश सभाको अर्को बैठक मिति २०८२ चैत्र २५ गते बुधबार बिहान ११:०० बजे बस्ने गरी यो बैठक साझ ६:५९ बजे स्थगित भयो।

रामकुमार पौडेल

सभासचिव